सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

# प्रेस विज्ञप्ती

आज मिति २०७३ मंसीर २१ गते मंगलबार सामान्य प्रशासन मन्त्री मा. श्री केशव कुमार वुढाथोकी ज्यूसँग United Arab Emirates को नेपाल स्थित राजदुतावासका Head of Mission Mr. Saeed Alnaqbi ले शिष्टाचार भेट गर्नुभयो । भेटमा नेपाल र UAE का विचमा आपसी सम्बन्ध र मित्रताका विषयमा छलफल भयो । सो अवसरमा United Arab Emirates को नेपाल स्थित राजदुतावासका Head of Mission Mr. Saeed Alnaqbi ले आगामी February 12-14, 2017 मा UAE मा आयोजना हुन गइरहेको World Government Summit मा सहभागिताका लागि सामान्य प्रशासन मन्त्री मा. श्री केशव कुमार वढाथोकीलाई निमन्त्रणा पत्र हस्तान्तरण गर्नु भयो । सामान्य प्रशासन मन्त्री मा. श्री केशब कुमार वुढाथोकीले United Arab Emirates नेपालको एक महत्वपूर्ण मित्र भएको र नेपाल र UAE को सम्बन्ध अत्यन्त सौहाद्रपूर्ण रहेको विचार व्यक्त गर्नु भयो । नेपालीहरुको वैदेशिक रोजगारको एक महत्वपूर्ण गन्तव्यको रुपमा UAE रहेको र नेपाल सरकार नेपालीहरुको सुरक्षित कार्यवातावरणको अपेक्षा गर्दछ भन्नुभयो । सो अवसरमा Head of Mission Mr. Saeed Alnaqbi ले नेपाली कामदारहरु अतिनै मिलनसार तथा मेहनेती र इमान्दार भएको भनी नेपाली कामदारहरुको प्रसंशा समेत गर्नुभयो । भेटघाटका क्रममा UAE नेपालको विकास प्रक्रिया र संघीयता कार्यान्वयनका लागि जस्तोसुकै सहयोग गर्न इच्छुक तथा तत्पर रहेको र नेपाल सरकारको प्राथमिकता र आवश्यकता सहितको प्रस्तावको पर्खाइमा रहेको जानकारी गराउनु भयो । भेट सामान्य प्रशासन मन्त्री मा. श्री केशव कुमार वुढाथोकीको कार्यकक्षमा भएको थियो ।

मिति: २०७३/०८/२१